प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/१९

(बेलुका ५:०० बजे)

### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


❖ हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब बयालीस प्रतिशत (४१.७६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता बडी देखिएको छ।


❖ यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढी रहेको हुनाले हाल उपचाररत बिरामीको संख्या देशको तुलनामा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ८९२६३ (१००%) | ३७२८३ (१००%) |
| निको भएको | ६५२०२ (७३.०%) | २११८७ (५६.८%)* |
| उपचाररत | २३५०७ (२६.३%) | १५८७६ (४२.६%)* |
| मृत्यु भएको | ५५४ (०.६२%) | २२० (०.५९%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/१९ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/१९ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः


❖ यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । हालका दिनहरुमा ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमणको दर बढ्ने क्रममा रहेको देखिन्छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/१९

❖ बागमती प्रदेशमा निधन भएका कोभिड-१९ संक्रमितहरुको विवरण यस प्रकार रहेको छः




- यस प्रदेशमा मृत्यु हुनुभएका कोभिड-१९ संक्रमितमध्ये ६० वर्षभन्दा माथिका उमेर समुहमा मृत्युको अनुपात धेरै भएको देखिन्छ (कुल मृत्युको करिब ६१%) ।
- यस तथ्यले हालको महामारीमा जेष्ठ नागरिकहरुलाई कोभि १९ बाट सुरक्षित राख्नकोलागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

(मिति २०७७/०६/१८ सम्मको तथ्य)

❖ बिगत २४ घण्टामा जिल्लागत निधनको संख्याको विवरण निम्न बमोजिम रहेको छः

काठमाण्डौ — ९, ललितपुर — ३, र चितवन — १: **कुल जम्मा — १३**

❖ बिगत २४ घण्टामा भएको निधनको विवरण यस प्रकार रहेको छः

❖ असन, काठमाण्डौकी ७६ वर्षिया महिलालाई निमोनिया भई असोज ८ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १७ गते निधन भएको छ । उहाँको असोज ९ गते कोभिड-१९ पुष्टि भएको थियो । काल्धारा-१६, काठमाण्डौकी ८१ वर्षिया महिलालाई श्वासप्रश्वासमा समस्या र शक भई असोज १५ गते ग्रानडी अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १७ गते निधन भएको छ । उहाँको असोज १७ गते नै कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै जोरपाटी, काठमाण्डौकी ८३ वर्षिया महिलालाई मुटुसम्बन्धि समस्या भई असोज १३ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १८ गते निधन भएको छ । उहाँको असोज १३ गते कोभिड-१९ पुष्टि भएको थियो ।

❖ बौद्ध, काठमाण्डौका २६ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज १५ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १८ गते निधन भएको छ । उहाँको असोज १२ गते कोभिड-१९ पुष्टि भएको हो । त्यस्तै क्षेत्रपाटी, काठमाण्डौका ६५ वर्षिय पुरुषलाई निमोनिया भई असोज १५ गते स्टार अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १६ गते निधन भएको छ । उहाँको असोज १५ गते कोभिड-१९ पुष्टि भएको हो । काठमाण्डौका ७८ वर्षिय पुरुषलाई श्वासप्रश्वासको समस्या र हृदयघात भई असोज ६ गते ह्याम्स अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज ६ गते कोभिड-१९ पुष्टि भएको हो ।

❖ कागेश्वारी मनहरा-८, काठमाण्डौका होम आइसोलेसनमा रहेका ९१ वर्षिय पुरुष निमोनिया भई आज घरमै निधन भएको छ । उहाँको असोज १५ गते कोभिड-१९ पुष्टि भएको हो । काठमाण्डौका ८१ वर्षिय पुरुषलाई असोज १८ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ। उहाँको असोज १७ गते कोभिड-१९ पुष्टि भएको हो । उहाँ उच्च रक्तचाप, मधुमेह र निमोनियाले ग्रसित हुनुहुन्थ्यो । काठमाण्डौका ६७ वर्षिय पुरुषलाई श्वासप्रश्वासको समस्या र शक भई असोज १५ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १७ गते कोभिड-१९ पुष्टि भएको हो । उहाँ रक्तचाप र मधुमेह ग्रसित हुनुहुन्थ्यो ।

❖ पाटन, ललितपुरका ५५ वर्षिय पुरुषलाई भाद्र २९ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १८ गते निधन भएको छ । उहाँको असोज १८ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ

रक्तअल्पता, निमोनिया र मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो ।इमाडोल, ललितपुरका ३५ वर्षिय पुरुषलाई असोज १५ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १५ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो । त्यस्तै कुसुन्ती, ललितपुरका ७१ वर्षिय पुरुषलाई असोज १६ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १७ गते निधन भएको छ । उहाँको असोज १६ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो । कालिका-६, चितवनका ६२ वर्षीय पुरुषलाई निमोनिया भई असोज १६ गते भरतपुर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज १८ गते निधन भएको छ । उहाँको असोज ४ गते कोभिड-१९ पुष्टि भएको थियो उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

❖ हालसम्म बागमती प्रदेशमा ८१६९ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल ४४२ जना बसिरहनुभएको छ भने १४३० जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२६१ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६४४ जना (होम आइसोलेसन सहित) बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा ९९७५१ जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ११७८ | २५२२५ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ११२३४ | २५० | ३२३६ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | १०७६८ | १०३ | २५८७ |
| रसुवा | २५५ | ३ | ५ | ३५ | ३ | १०३९ | | २३ |
| नुवाकोट | ५४९ | १८ | १४ | ४० | ३५ | ४८३६ | १० | २२७ |
| धादिङ | ३१५ | ८ | १८ | १३७ | २६ | ३६७७ | १२ | ५२२ |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३ | १५७७९ | १०३ | २५५८ |
| सिन्धुली | ३९२ | ६९ | ९ | ४३ | ४० | ३०६२ | २ | १६९ |
| मकवानपुर | ४०७ | २९ | ४ | ३०० | ३२ | १०४५८ | ५६ | १५७२ |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १४७९ | १२ | १९० |
| दोलखा | १९३ | १६ | ७० | ४४ | ४ | २२०९ | १ | १४४ |
| काभ्रेपलान्चोक | ७८८ | २२ | ७९ | १७६ | ५४ | ४७०५ | ३६ | ६३२ |
| सिन्धुपाल्चोक | ७८९ | १८ | १०१ | ५६ | २५ | ४०३९ | ५ | १९८ |
| जम्मा | ८१६९ | ४४२ | १४३० | ३२६१ | ३६४४ | ९९७५१ | १७६८ | ३७२८३ |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

### ❖ व्यवहार परिवर्तन संचार:

कोभिड-१९ रोकथाम, नियन्त्रण उपचार सम्बन्धमा विभिन्न संचार माध्यमबाट देशभरि व्यवहार परिवर्तन संचार, संक्रमितहरुलाई गरिने भेदभाव न्यूनीकरण उपायबारे समेत संचार, पि. सि. आर. परिक्षण, घरमा आइसोलेसन बस्ने मापदण्ड समेत समावेश गरिएको छ ।

❖ **संक्रमितको खोजी र फलो-अप कार्यः**

हाल बागमती प्रदेशमा संक्रमितको खोजी र फलो-अपको लागि १७८ वटा टोलीले कार्य गरिरहेको छ । प्रत्येक टोलीमा ३ जना तालिमप्राप्त स्वास्थ्यकर्मीहरु रहेका छन् जसअनुसार काठमाण्डौमा ३२, काभ्रेपलान्चोकमा १९, धादिङमा १६, चितवनमा १५, सिन्धुपाल्चोकमा १४, ललितपुरमा १३, मकवानपुरमा १३, नुवाकोटमा १२, दोलखामा ११, सिन्धुलीमा ९, भक्तपुरमा ८, रामेछापमा ८, रसुवामा ५ र प्रदेश निर्देशनालयलमा ३ वटा टोलीले कार्य गरिरहेका छन् ।

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ **आइसीयु बेड र भेन्टिलेटर व्यवस्थापनः**

यस प्रदेशका विभिन्न जिल्लामा हाल ४३५ वटा आइसीयु बेड र १९८ वटा भेन्टिलेटर तयारी अवस्थामा रहेको छ जसअनुसार आइसीयु बेड र भेन्टिलेटरको संख्या क्रमशः काठमाडौंमा १२० र ६०, ललितपुरमा १०२ र ६८, भक्तपुरमा २० र १२, चितवनमा १७६ र ४९, सिन्धुलीमा २ र ३, काभ्रेपलान्चोकमा १५ र ५ तयारी अवस्थामा रहेको छ भने नुवाकोटमा ५ आइसीयु बेड र ३ भेन्टिलेटरहरु संचालन हुने प्रक्रियामा छ ।

❖ **प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण**

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २५४२९ | ३८८ | १७९ | ५३ जनाः मकवानपुर-४९, रौतहट-१, सर्लाही-१, फलोअप-२ | १२६ | |

(आज धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।)

❖ **कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः**

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई